शुक्लागण्डकी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
शिक्षा, युवा तथा खेलकुद शाखा
दुलेगौंडा, तनहुँ
२०७३

फोन नं. ०६५-४१४३०५,४१४०१८,४१४१०५
फ्याक्स नं. ०६५-४१४०१८
Email: info@shuklagandakimun.gov.np
Website: www.shuklagandakimun.gov.np

गण्डकी प्रदेश, नेपाल

प.सं. २०७६/०७७
च.नं. ४६८

मितिः २०७६/०६/२७

विषयः शिक्षकको अवकास सम्बन्धमा ।

श्री नगरपालिका स्थित सामुदायिक विद्यालयहरु
शुक्लागण्डकी नगरपालिका, तनहुँ ।

प्रस्तुत विषयमा श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको प.सं. २०७६/०७७ शि.व्य., च.नं. ७५ मिति २०७६/०६/०८ को पत्रबाट विभिन्न कारणबाट पुनर्व्यवस्थापन भई आन्तरिक प्रतियोगितात्मक परीक्षामा सहभागी भई अनुत्तीर्ण भएका शिक्षकहरुको अवकासको सम्बन्धमा शिक्षा ऐन २०२८ (संशोधन सहित) को दफा ११च को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्था बमोजिम आन्तरिक परीक्षामा सहभागी भई अनुत्तीर्ण भएका वा सो परीक्षामा उमेदवार हुन योग्य भई सो परीक्षामा समावेश नभएका शिक्षकहरुको समेत सोही उपदफा (१०) बमोजिम स्वतः अवकास हुने व्यवस्था भएकोले पुनर्व्यवस्थापन भएका शिक्षकहरुको लागि समेत शिक्षा ऐन २०२८ (संशोधन सहित) को दफा ११च को उपदफा (१०) को व्यवस्था अनुसार अवकास हुने भनी निर्देशन प्राप्त भएको हुँदा सम्बन्धित विद्यालयहरुले सोही बमोजिम गर्नु गराउनुहुन अनुरोध छ । अब उप्रान्त उक्त प्रकारका शिक्षकहरुको तलब भत्ता निकासा नहुने व्यहोरा समेत यसै पत्रद्वारा जानकारी गराइन्छ ।

(नवराज चापागाई)
उपसचिव
उप सचिव

**बोधार्थ**
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, दमौली, तनहुँ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शिक्षक व्यवस्थापन समन्वय शाखा
सानोठिमी, भक्तपुर

फोन : ६६३५११३
फ्याक्स : ६६३५११३

visit Nepal 2020

प.सं. २०७६।०७७/ शि. व्य.
च.नं. ७५

मिति: २०७६।०६।०८

विषय: निर्देशन सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ
सवै ।

प्रस्तुत विषयमा विभिन्न कारणबाट पुनर्व्यवस्थापन भइ आन्तरिक प्रतियोगीतात्मक परीक्षामा सहभागी भइ अनुत्तीर्ण भएका शिक्षकको अवकासको सम्वन्धमा शिक्षा विकास तथा समन्वय इकाइहरु बैतडी, कंचनपुर, धनकुटा, अर्घाखाँची लगायत केही जिल्लाहरुबाट निर्देशन माग भएको सम्वन्धमा शिक्षा ऐन २०२८ (संशोधन सहित) दफा ११ 'च' (१) को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्था बमोजिम आन्तरिक परीक्षामा सहभागी भइ अनुत्तीर्ण भएका वा सो परीक्षामा उम्मेदवार हुन योग्य भइ सो परीक्षामा समावेश नभएका शिक्षकहरुको समेत सोही उपदफा (१०) बमोजिम स्वतः अवकास हुने व्यवस्था भएकाले पुनर्व्यवस्थापन भएका शिक्षकहरुको लागि समेत शिक्षा ऐन २०२८ (संशोधन सहित) दफा ११ 'च' १ को उपदफा (१०) को व्यवस्था अनुसार अवकास हुने व्यहोरा निर्देशानुसार अनुरोध छ ।

..................................
भुवनेश्वर जोशी
शाखा अधिकृत